# प्रेस बिज्ञप्ती

## <u>कर्णाली प्रदेशमा नेपाल बैंकको डिजिटल बैंकिङ्ग वित्तीय साक्षरता अभियान</u>

नेपाल बैंक लिमिटेडले कर्णाली प्रदेशमा डिजिटल बैंकिङ्ग वित्तीय साक्षरता अभियान शुरु गरेको छ । मिति २०७८/०९/०४ गते वीरेन्द्रनगर सुर्खेत स्थित मोडेल कलेज सुर्खेतमा, मिति २०७८/०९/०६ गते वीरेन्द्रनगर सुर्खेत स्थित सुर्खेत बहुमुखी क्याम्पसमा, सुर्खेतमा र अमरदीप क्याम्पस, सुर्खेतमा डिजिटल बैकिङ्ग वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ । नेपाल बैंक लिमिटेड, वीरेन्द्नगर शाखा, मोडेल कलेज, सुर्खेत बहुमुखी क्याम्पस र अमरदिप क्याम्पस सुर्खेतको सहकार्यमा बिधार्थीहरुलाई डिजिटल बैकिङ्ग सम्वन्धि जानकारी गराई डिजिटल बैकिङ्गका प्रविधिहरुमा अभ्यस्त गराउने उद्देश्यले उक्त कार्यक्रम संचालन गरिएको थियो । मोडेल कलेज, सुर्खेतमा क्याम्पस प्रमुख श्री गणेश आचार्य को सभापतित्व, सुर्खेत बहुमुखी क्याम्पस, सुर्खेतमा क्याम्पस प्रमुख श्री माधब प्रसाद खनालको सभापतित्व र अमरदिप क्याम्पस, सुर्खेतमा क्याम्पस सञ्चालक समितिका अध्यक्ष श्री बालकृष्ण पौडेलको सभापतित्वमा संचालीत उक्त कार्यक्रमहरुमा नेपाल वैंक लिमिटेड प्रादेशिक कार्यालयका प्रमुख श्री अश्विनकुमार पुडासैनीको प्रमुख आतित्यथा रहेको थियो । त्यसैगरी अतिथिको रुपमा सम्बन्धित क्याम्पसका सह-क्याम्पस प्रमुखहरु, नेपाल बैंक लिमिटेड, विरेन्द्रनगर शाखाका शाखा प्रवन्धक लगायतको उपस्थिति रहेको उक्त कार्यक्रमहरुमा करिब ३०० बिद्यार्थीहरु सहभागि भएका थिए । उक्त कार्यक्रममा डिजिटल वित्तीय साक्षरता सम्बन्धि जानकारी, नेपाल बैंकको विभिन्न सेवा सुविधाहरु, डिजिटल बैंकिङ्ग प्रविधिहरु, बिद्यार्थी लक्षित शुभज्ञान बचत खाता साथै बैंकिङ्गका विविध आयामहरुको बारेमा जानकारी गराईएको थियो । कार्यक्रमका प्रमुख अतिथि श्री अश्विनकुमार पुडासैनीले अबको आवश्यकता भनेकै डिजिटल बैंकिङ्ग रहेको भन्दै हरेक बिधार्थी यस सम्बन्धमा जानकार रहनुपर्ने कुरामा जोड दिनु भएको थियो । नेपाल वैंकले भविष्यमा उद्यमी बन्न चाहने विधार्थीलाइ सहयोग गर्ने भन्दै एक व्यक्ति एक बैंक खाता हुनुपर्ने कुरालाई जोड दिनुभयो । कार्यक्रमका सभापति तथा क्याम्पस प्रमुखहरुले डिजिटल बैकिङ्ग वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेकोमा नेपाल बैंक लिमिटेडलाई धन्यबाद दिंदै यस कार्यक्रमबाट सम्पूर्ण विधार्थीहरुले बढि भन्दा बढि लाभ लिने बिश्वास व्यक्त गर्नु भएको थियो ।

त्यसैगरि, नेपाल बैंक लिमिटेड जुम्ला शाखाको पहलमा जुम्ला बहुमुखी क्याम्पस जुम्लामा मिति २०७८/०९/०८ गते वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भएको छ । अनवरत विश्वासको ८५ औ बर्ष प्रवेश गरेको देशकै पहिलो बैंक नेपाल बैंक लिमिटेड सबै पुस्ताको उत्तिकै रोजाइको बैकको रुपमा रहन सफल भएको छ । बैंकले हाल ७२ जिल्लाका २१३ शाखाहरु, १५० एटिएम र ४७ एक्स्टेन्सन काउन्टर मार्फत करिब २० लाख ग्राहकहरुलाई आधुनिक प्रविधियुक्त बैंकिङ्ग सेवा उपलब्ध गराईरहेको छ ।
धन्यबाद !

मिति: २०७८ पौष ०८ गते बिहिबार ।

(प्रकाशकुमार अधिकारी)
प्रवक्ता